

# प्रारम्भिक बाल्यकाल शिक्षा र हेरचाह सेवाहरूमा तपाईंको बच्चाको अभिमुखीकरणमा सहयोग गर्दै

**NEPALI**

प्रारम्भिक बाल्यकाल शिक्षामा सकारात्मक सुरुवात महत्त्वपूर्ण छ। तपाइँ र तपाइँको परिवारले स्वागत, सुरक्षित र समर्थित महसुस गर्नु महत्त्वपूर्ण छ। सेवामा शुरुका दिनहरुमा तपाइँको बच्चाले अन्य बच्चाहरुसंग चिनजान गर्ने र उनीहरुका शिक्षकहरु, सर्बशिक्षकहरु र अन्य प्रारम्भिक बालविकास पेशेवरहरुसंग विस्वासिलो सम्बन्ध जोड्ने गर्छन्।

भिक्टोरियामा प्रारम्भिक बाल्यकाल शिक्षा र हेरचाह सेवाहरू (Early Childhood Education and Care services) भिक्टोरियन अर्ली इयर्स लर्निङ एण्ड डेभलपमेन्ट फ्रेमवर्क (Victorian Early Years Learning and Development Framework) (VEYLDF) द्वारा निर्देशित छन्। यो प्रणालीले बालबालिकाको 'पहिचान र उनीहरूको पारिवारिक र सांस्कृतिक इतिहासले उनीहरूको सिकाइ र विकासलाई आकार दिन्छ' भनेर सर्वशिक्षकहरूलाई सूचित गर्छ। पेशेवरहरूले बच्चाहरूको अद्वितीय पहिचानलाई सम्मान र स्वीकार गरेमा उनिहरूले स्वागत महसुस गर्छन् र राम्रोसँग सिक्छन्' (VEYLDF, 2016, पृष्ठ 12). यो बुझाइले शर्वशिक्षकहरुलाई तपाइँ र तपाइँको बच्चालाई सहयोग गर्ने बारे दिने तालिमेजानकारी र बानी हुने समयको दौरान उनिहरुले बच्चाको नयाँ प्रारम्भिक बचपन शिक्षा र हेरचाह सेवामा अप्राउने दृष्टिकोण तय गर्न आधार बन्नेछ।

प्रारम्भिक बचपन शिक्षा र हेरचाह सेवाहरुले शिक्षकहरु र परिवारहरु बीचको सहयोगी साझेदारीलाई गुणस्तरीय कार्यक्रमको जगको रूपमा लिन्छ। सुरुदेखि नै कायम भएको सम्मानजनक सम्बन्ध एक उच्च गुणस्तरीय सेवाको बलियो सूचक हो। तपाइँ सर्वशिक्षकहरु भद्र र स्वागतपुर्ण हुने अपेक्षा गर्न सक्नुहुन्छ र तपाइँको पारिवारिक भाषा[हरु] को प्रयोगलाई प्रोत्साहित गर्न सक्छन्।

सेवाहरुले तपाइँसंग टेलिफोन दोभाषे सेवाको माध्यमबाट तपाईंसंग संचारको सुनिश्चित गर्छन साथै तपाइँलाई उचित रूपमा सूचित राख्न र तपाइँलाई सबैभन्दा सहज पर्ने भाषामा प्रश्न सोध्न र थप जानकारी लिनका लागी अवसर दिन्छन्। यसको अतिरिक्त,तपाइँको बच्चालाई सहयोग गर्न एउटा छोटो अवधिको लागी तपाइँको पारिवारिक भाषा बोल्ने कोही सहयोगी कार्यकर्ता उपलब्ध हुन सक्छ जब सम्म तपाईंको बच्चालाई उक्त सेवामा सम्बन्ध र आफ्नोपनको भावना विकास गर्न समय लाग्छ।

गुणस्तरीय प्रारम्भिक बचपन शिक्षाले 'बालबालिकाको सिकाइ र विकासमा प्राथमिक प्रभाव' पार्ने परिवारहरू हुन भनेर मान्यता दिन्छ (VEYLDF, 2016, पृष्ठ ९)। शर्वशिक्षकहरुले प्रारम्भिक कालको कार्यक्रममा पारिवारिक सुझाव चाहन्छन र उनिहरुको संलग्नतालाई मान्यता दिन्छन्। यसले शर्वशिक्षकहरूको यस्तो तरिकाको बारेमा सूचित गर्ने मात्र गर्दैन तर बच्चाहरूलाई उनीहरूको शिक्षा र त्यसमा संलग्न मानिस हरु र हेरचाहको वातावरण र घरको वातावरणमा विश्वास, सुरक्षा र सम्बन्ध विकास गर्न मद्दत गर्दछ जसले सिकाइका उपलभ्धीहरू बढाउँछ। शुरुका सत्रहरुमा परिवारहरुलाई सेवामा उपस्थित भै संलग्न हुन प्रोत्साहित गरीन्छ। यसले तपाईंको बच्चालाई सुरक्षित महसुस गर्न मद्दत गर्छ र तपाईंको बच्चा तपाईं बिना त्यहाँ हुँदा सेवामा के हुन्छ भनेर बुझ्न मद्दत गर्छ।

तपाइँको प्रारम्भिक बचपन सेवामा एक अभिविन्यास योजना हुनेछ जसले तपाइँ र तपाइँको बच्चालाई सेवाहर बारे परिचित हुन मद्दत गर्नेछ। यसमा निम्न कुरा सम्लग्न हुन सक्छन ;

- औपचारिक उपस्थिति सुरु हुनु भन्दा पहिले तपाइँको बच्चासंग उक्त सेवामा भ्रमण

- तपाईंलाई र तपाईंको बच्चालाई सहज महसुस गराउन मद्दत गर्न छोटो सत्रहरूबाट सुरु गरेर क्रमसा सत्रहरु लम्याउने।

तपाईंको प्रारम्भिक बाल्यकालका sharva शिक्षकहरूले तपाईंसँग समय बिताउनेछन् र तपाईं र तपाईंको बच्चाको बारेमा केही प्रश्नहरू सोध्नेछन्। यसले उनीहरुलाई तपाइँको बच्चाको आवश्यकताबारे राम्रो बुझाउनेछ र उनीहरुलाई यस्तो कार्यक्रम बनाउन मद्दत गर्नेछ जसले तपाइँको बच्चाको सिक्ने अवसर र सकारात्मक उपलब्धिहरुलाई अधिकतम बनाउने छ।

कुनै प्रारम्भिक बचपन सेवाहरुले तपाईंलाई तिनिहरुलाई दिन माग्ने जानकारी मध्य निम्न हुनसक्छन्;

- बालबालिकाको स्वास्थ्य जानकारी - खोप रेकर्ड, चिकित्सा आवश्यकता, रोग बिमार वा एलर्जी बारे।
- न्याप्पी फेर्ने प्राथमिकताहरू, शौचालयको प्राथमिकताहरू र घरका बानी।
- बच्चाहरुले खाने खाना, खाना खाने समयबारे रिती/दैनिकी।
- बालबालिकाको आराम गर्ने / सुत्ने आवश्यकताहरू।
  - के बच्चाको बेरावाला कोक्रोमा सुत्छन्,उनीहरुको आफ्नै ओछ्यानमा वा फिता बाध्ने कोक्रोमा ?
  - कुन गीतले उनीहरुलाई सान्त्वना दिन सक्छ?
  - के उनीहरूको मनपर्ने पुस्तक,विशेष खेलौना वा कम्बल छ कि ?
  - उनीहरु सामान्यतया दिनको कुन समयमा आराम गर्ने गर्छन / सुत्छन् ?
- कुन उत्सव र परम्पराहरु तपाइँको परिवारका लागी महत्वपूर्ण छ ?
- सर्वशिक्षकहरुले अन्य कुनै पनि जानकारी तपाइँ उनीहरुसंग बाढ्न चाहानुहुन्छ भने त्यसलाई स्वागत गर्नेछन्।
- तपाइँसँग तपाइँको बच्चाको बारेमा जानकारी पनि हुनेछ जुन तपाइँले सर्वशिक्षकहरूलाई तपाइँको बच्चासँग संलग्न हुन मद्दत गर्छ भनेर भन्न चाहनुहुन्छ होला।

## तपाईंको बच्चालाई उनीहरूको प्रारम्भिक बाल्यावस्था सेवामा घुलमिल हुँदै जाँदा सहयोग गर्ने अन्य तरिकाहरू

- उक्त सेवामा तपाईंको बच्चासँग समय बिताउनुहोस् - तपाईंको बच्चालाई उक्त सेवाको दैनिक तालिकाहरू बताउनुहोस्, खेल्नुहोस्, कथाहरू पढ्नुहोस् र तपाईंको आफ्नै भाषामा गीत गाउनुहोस्।
- उनीहरूलाई अन्य बच्चाहरूसँग कुराकानी गर्न सहयोग गर्नुहोस्। यो मात्र उनीहरुलाई अरुको छेउमा बस्नको लागी प्रोत्साहित गरेर, तपाईंले अन्य बच्चाहरुसंग आफ्नै परिचय गरेर, गतिविधिहरु र खेलहरुमा सामेल भएर गर्न सक्नुहुन्छ।
- आफ्नो बच्चा र एउटै भाषा बोल्ने अरूसँग कुरा गर्न समय बिताउनुहोस्।
- तपाईंको बच्चालाई उनको अनुभव र अनुभूतिको बारेमा कुरा गर्नुहोस: आश्वासन दिनुहोस र उनलाई प्रोत्साहित गर्नुहोस्।
- सुनिश्चित गर्नुहोस् कि तपाइँको बच्चालाई उनका महाँ शिक्षकहरू को को हुन्, उनीहरूको नाम के के हो भन्ने थाहा छ ताकि उनलाई कुनै मद्दत चाहिँदा उनीहरूकहाँ जान सक्छन्। बच्चालाई अभ्यास गर्नका लागी उनको सर्वशिक्षकहको नाम तपाइँसंग भन्न सिक्ने अवसर दिनुहोस् र सहयोग मागे जस्तो गरी भूमिका खेल्न लगाउनुहोस ।
- छोड्नु अघि सधैं गएँ है भन्नुहोस् र आफ्नो बच्चालाई आश्वस्त पार्नुहोस् कि तपाईं भरे फर्कनुहुनेछ। तपाईंले छोड्नु अघि बच्चालाई कुनै सर्वशिक्षक र / वा अन्य बच्चाहरूसँग कुनै गतिविधिमा संलग्न हुन मद्दत गरेर फुल्याएर छोड्नु राम्रो विचार हो।
- उ उक्त सेवामा जाने अघिल्लो राती / बिहान त्यो सेवाको तालिकाहरु र वातावरणको बारेमा उसंग छलफल गर्नुहोस् ताकि उनले प्रश्न सोध्ने अवसर पाउनेछन र तपाईंले उनका सरोकारका विषयको जवाफ दिन पाउनुहुनेछ।
- याद गर्नुहोस् तपाईंको बच्चाका शिक्षकहरू र सर्वशिक्षकहरू तपाईं र तपाईंको बच्चा उक्त सेवामा भएका बेलामा दुवैलाई सहयोग गर्नलाई छन्।

---

**साभार**

शिक्षा र प्रशिक्षण विभाग, 2016 भिक्टोरियाली प्रारम्भिक वाल शिक्षण तथा विकास प्रणाली।